# लोककल्याणकारी विज्ञापनको सूचना पुन: प्रकाशन गरिएको

लोककल्याणकारी विज्ञापनमा सहभागी हुनको लागि सञ्चार माध्यमलाई सूचीकृत गर्न दरखास्त आव्हान गरिएको

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचना

## पुन प्रकाशित मिति २०८०।१०।०२

सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रमको लागि सूचिकृत गर्ने प्रयोजनार्थ मिति २०८०।०५।१७ र २०८०।०६।०८ गते सूचना प्रकाशन भएकोमा केही सञ्चार माध्यमहरु अझै छुटेका र लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि २०७९ संशोधन भएकोले संशोधित गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि २०८० (पहिलो संशोधन) को अनुसूची-२ को ढाँचामा छुटेका सञ्चारमाध्यमहरुले ७(सात) दिन भित्र दरखास्त पेश गर्न यो सूचना पुनः प्रकाशन गरिएको छ। लोककल्याणकारी विज्ञापन वितरण (पहिलो शंसोधन) कार्यविधि,-२०८०कार्यालयको वेवसाइट https://ocmcm.gandaki.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।

१.आर्थिक वर्ष २०७९/८० मा यस कार्यालयमा सूचिकृत भैसकेका सञ्चार माध्यमले नबिकरण र आर्थिक वर्ष २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी दरखास्त दिनुपर्ने

२.यस आर्थिक वर्षमा यस कार्यालयमा सूचिकृत हुने सञ्चार माध्यमले देहायका कागजात सहित दरखास्त दिनुपर्ने;-

क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपी,

ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र र अनुमति पत्र नबिकरण भएको प्रमाण,

ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,

घ) सञ्चालकको नाम,ठेगाना,सम्पर्क नम्बर सहितको विवरण,

ङ) संस्थाको प्रबन्धपत्र/विधान/नियमावलीको प्रतिलिपी,

च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी एवम् लेखा परीक्षण प्रतिवेदन,

छ) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रसारण भएक प्रमाण,

झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको,टेलिभिजनको हकमा इजाजत अनुसार केवुल तथा स्याटलाइटबाट प्रसारण भएको,प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा ३२० दिन नियमित प्रसारण भएको,दैनिक प्रकाशनको हकमा बर्षमा कम्तिमा ३२० दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा बर्षमा कम्तिमा ४५ अंक प्रकाशन भएको स्वघोषणा पत्र

३.दरखास्त यस कार्यालयको इमेल lkb.molcpa.gandaki@gmail.com मार्फत वा सोझै कार्यालयको प्रदेश किताबखाना तथा सञ्चार समन्वय शाखामा पेश गर्न सकिने।

४.यस कार्यालयमा नियमानुसार सूचिकृत भएका सञ्चार माध्यमहरुलाई गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि २०८० (पहिलो संशोधन) बमोजिम लोककल्याणकारी विज्ञापनहरु उपलब्ध गराइने छ ।

५.मिति २०८०।०५।१७ र मिति २०८०।०६।०८ मा नियमानुसार दरखास्त दिएका सञ्चार माध्यमले पुनः दरखास्त दिनु नपर्ने तर तोकिएको (बुँदा नम्बर २(छ) अनुसार) अवधि नपुगि पहिला दरखास्त दिने सञ्चार माध्यमले यस अवधि भित्र अवधि पुगेमा पुनः दरखास्त दिनुपर्नेछ।

तिर्थ राज भट्टराई
सचिव सचिव
मुख्यमन्त्री तथ मन्त्रिपरिषदको कार्यलय
(आन्तरिक मामिला तथा सञ्चार महाशाखा)

# लोककल्याणकारी विज्ञापनका लागि आवेदन दिने दरखास्तको ढाँचा

मितिः

श्रीमान सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
आन्तरिक मामिला तथा सञ्चार महाशाखा,
गण्डकी प्रदेश, पोखरा ।

**विषयः सूचीकृत गरी विज्ञापन प्रकाशन/प्रसारणमा सहभागी गराई पाउँ ।**

उपरोक्त विषयमा मिति २०८०/१०/०२ मा तहाँ कार्यालयबाट आह्वान भएको पुनःप्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रममा सहभागी गराई पाउन यस कार्यविधिको दफा ४ को उपदफा (२) मा उल्लिखित कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. निवेदन दिने सञ्चार माध्यमको विवरण :

नामः
ठेगाना :
फोन नं :
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः
(क) पत्रपत्रिका
(ख) रेडियो/एफ. एम रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम

मोवाइल नः
इमेल ठेगानाः
संस्थाको छाप
सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र
दस्तखतः

**संलग्न कागजातहरु**

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र र अनुमति पत्र नविकरण भएको प्रमाण,
(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,
(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवम् लेखा परीक्षण प्रतिवेदन,
(छ) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,
(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र,
(झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको,

प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा ३२० दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ३२० दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ४५ अंक प्रकाशन भएको स्वघोषणा पत्र